गाउँसभाको बैठकमा मिति २०८३ असार १० गते बुधबार

गाउँपालिका प्रमुख श्री धन बहादुर पुन मगर ज्यूद्धारा

प्रस्तुत

# आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

सुनछहरी गाउँपालिका पोवाङ रोल्पा

लुम्बिनी प्रदेश नेपाल

२०८३

# आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम

## (क) सम्बोधन तथा भूमिका

यस सुनछहरी गाउँपालिकाका उपाध्यक्ष ज्यू, २० औं गाउँसभा आमन्त्रित विशेष अतिथि ज्यू, अतिथि ज्यूहरु, गाउँसभा सदस्य ज्यूहरु, राष्ट्र सेचक कर्मचारी साथीहरू, विभिन्न ओहदाबाट सहभागी आदरणीय व्यक्तित्वहरू, पत्रकार र सुरक्षाकर्मी साथीहरू यहाँहरू सम्पूर्णमा जेढो नमस्कार ।

नेपालको संविधान २०७२ अनुसार सङ्घीयता कार्यान्वयनसँगै सम्पन्न स्थानीय तहको दोस्रो निर्वाचन २०७९ बाट निर्वाचित भइ पश्चात पाँचौं पटक अर्थात मेरो कार्यकालको अन्तिम आर्थिक वर्षको नीति तथा कार्यक्रम यस गरिमामय सभामा पेश गर्न पाउँदा गौरव महसुस गरेको छु ।

यस महत्वपूर्ण घडीमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएको दश वर्षीय सशस्त्र जनयुद्ध, २०६२/०६३ को जन आन्दोलन, मधेश आन्दोलन, आदिवासी जनजाति आन्दोलन साथै २०८२ भाद्र २३ र २४ गते भएको भ्रष्टाचार विरुद्ध जेन्जी विद्रोहका क्रममा देश, जनता र समग्र राष्ट्र हितका लागि आफ्नो अमूल्य जीवनको उत्सर्ग गर्नु हुने ती महान वीर शहीदहरू प्रति ससम्मान हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै यसै क्रममा बेपत्ता पारिएका योद्धाहरूको विशेष स्मरण गर्दै सम्पूर्ण घाइते अपाङ्ग योद्धाहरूको स्वास्थ्य लाभको कामना गर्दछु ।

नेपालको संघीय संरचनाले तिन तहबाट सरकार सञ्चालनको अभ्यास गर्दै आइरहेको संवैधानिक व्यवस्था अनुरूप सुनछहरी गाउँपालिकाले पनि संवैधानिक र कानुनी दायरामा रही आवधिक वार्षिक योजना नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्दै आइरहेको कुरा स्मरण गराउँदै संघीयताको वास्तविक अनुभूति जनताको घरदैलोमा रहेर सेवा प्रवाह सुशासन प्रवर्द्धन र विकास गर्नु हो भन्ने कुरा अवगत गराउन चाहन्छु । यसका लागि सुनछहरी गाउँपालिकामा नागरिक मैत्री सेवा प्रवाह, जनताको माग र आवश्यकतामा आधारित विकास योजना, सामाजिक न्याय, हिंसामुक्त तथा लैङ्गिक मैत्री शासन व्यवस्था मार्फत समृद्धि हासिल गर्न प्रतिवद्ध रहेको स्पष्ट छ ।

## (ख) आ.व. २०८२/०८३ को संक्षिप्त समीक्षाः-

१) सीमित श्रोत साधन, न्यून बजेट र जनशक्तिको अभावका बीचबाट पनि स्थानीय सरकारको दृढ इच्छाशक्ति सहयोगी जनताको साथ, योजना र प्राविधिक शाखाको तदारुकता, निर्माण व्यवसायीहरुको कर्तव्य पूर्ण खताई, उपभोक्ता समितिको मेहनत र जनप्रतिनिधीहरुको सहजीकरण तथा अनुगमनका कारण पूर्वाधार विकासको क्षेत्रमा निर्धारित योजनाहरु उपलब्धीपूर्ण रुपमा कार्यान्वयन भई पूर्वाधार विकासको ग्राफले थप उचाई प्राप्त गरेको कुरा यस सम्मानित सभालाई अवगत गर्न चाहन्छु , यसै क्रममा कयौं समस्या र चुनौतिहरु नआएका होइनन् तर पनि संवैधानिक कानुन, ऐन र कार्यविधीको अधिनमा रही कतिपय व्यवहारिक पक्षमा समेत ध्यान पुर्याउँदै अन्ततः योजना कार्यान्वयन सफलता पूर्वक सम्पन्न भएको कुरा स्पष्ट छ ।

२) पारदर्शी र जवाफदेही शासन, छिटो छरितो सेवा प्रवाह, ढीगो विकास, गुणस्तरीय शिक्षा, निशुल्क र अनिवार्य स्वास्थ्य सेवा, जलवायू अनुकुलन विकास, सुशासन, भ्रष्टाचार विरुद्धको शून्य सहनशिलता, मानव विकास, सामाजिक न्याय, लैङ्गिक मैत्री स्थानीय सरकार सञ्चालन आदी क्षेत्रमा नेपालको संविधान कानुन, ऐन, संघ र प्रदेश कानुन, यस पालिकाको मजुदा कानुन, ऐन र कार्यविधी प्रति प्रतिवद्ध रहँदै समयानुकुल केही कानुन ऐन र कार्यविधी संशोधन सहित सुनछहरी गाउँपालिकाको भाँगो उत्पादन विद्येयक, वैकल्पिक उर्जा तथा हाइड्रोजन ग्याँस उत्पादन विद्येयक, विस्कृत स्वास्थ्य नीति आदी थप कानुन तथा विद्येयक बनाई कानुन र विधिको शासनलाई थप दह्रोसँग अंगालेको कुरा स्पष्ट पार्न चाहन्छु । यसका लागि गाउँ कार्यपालिका, सम्बन्धित शाखाको पनि महत्वपूर्ण योगदान रहेको कुरा जगजाहेर नै छ ।

३) परम्परागत कृषि उत्पादन प्रणालीलाई बदलेर व्यवसायीमुखी आधुनिक उत्पादन प्रणालीको विकास गरी कृषि उत्पादनलाई जीवन निर्वाहमुखी नभई व्यवसायमुखी बनाईएको कुरा सर्वबिदितै छ । कृषि र पशु सेवा शाखा मार्फत कृषि आधुनिकीकरणका लागि गरिएको निरन्तर प्रयास, सुनछहरी कृषि परियोजना मार्फत गाउँपालिका र हेफर नेपालको आर्थिक साझेदारी र शहिद परिवार समाज नेपाल अर्घाखाँचीको सहजीकरणमा विगत तिन वर्षदेखि सञ्चालित कृषि र पशुमा आधारित उद्यमशिलता कार्यक्रम प्रभावकारी र उपलब्धीपूर्ण रहेको कुरा अवगत गर्न चाहन्छु ।

४) दीगो शैक्षिक पूर्वाधार, शैक्षिक गुणस्तरमा वृद्धि, बालमैत्री शिक्षण सिकाई, जिम्मेवार र कर्तव्यनिष्ठ अभिभावक शिक्षा, विषय विज्ञ शिक्षकको व्यवस्थापन गाउँ कार्यपालिका गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समितिबाट नियमित अनुगमन, मुल्याङ्कन र शैक्षिक जागरण, उपाध्यक्षको प्रत्यक्ष सहभागितामा किशोरीसँग उपाध्यक्ष कार्यक्रम, शिक्षा शाखाको अथक खटनपटन तथा योजनावद्ध सकारात्मक पहल मार्फत शैक्षिक गुणस्तरमा क्रमश सुधार गर्दै आएर शैक्षिक क्षेत्रले विकासको गति समाती सकेको अवगत गर्न चाहन्छु । प्राविधिक रुपमा SEE लगायत समग्र शैक्षिक नतिजा सन्तोषजनक नदेखिएता पनि क्रमिक विकासमा सकारात्मक संकेत देखिएको कुरा स्पष्ट छ । यद्यपी पूर्ण शैक्षिक सफलता प्राप्त गर्न अथक पहल र मेहनत बाँकी रहेको कुरा पनि स्पष्ट नै छ ।

५) आधारभूत स्वास्थ्य सेवालाई छिटो छरितो र अनिवार्य गर्दै जेष्ठ नागरिक तथा पूर्ण अपाङ्गता भएका व्यक्तिलाई घरमै गएर उपचार सेवा दिने देखी पूर्ण खोप युक्त वडा र गाउँपालिका घोषणासम्म आई पुग्दा स्वास्थ्य क्षेत्रमा गुणात्मक सफलता प्राप्त भएको कुरा अवगत गर्न चाहन्छु । विशेष स्वास्थ्य परियोजना सञ्चालन, यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रम, मनोपरामर्श जस्ता प्रभावकारी कार्यक्रमहरु स्वास्थ्य शाखाको योजनावद्ध सक्रियता, आईपास नेपालको सहयोग, किशोरीसँग उपाध्यक्ष कार्यक्रम, प्रत्येक स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी र स्वास्थ्य स्वयम सेविकाहरुको सक्रियताले विकट भूगोल र न्यून बजेट तथा सिमित श्रोत साधनको बीच पनि स्वास्थ्य क्षेत्रमा सन्तोषजनक परिमाण प्राप्त भएको कुरा स्मरण गर्न चाहन्छु ।

६) नेपाल सरकार स्वास्थ्य मन्त्रालयद्वारा तोकिएको जतिल रोगहरुको उपचार सहायता, सामाजिक सुरक्षाभत्ता, बाल पोषण भत्ता, अपाङ्ग भत्ता लगायतका जनताको स्वास्थ्य र सेवासँग

जोडिएका कामहरुलाई निर्धारित समय भित्र नै सम्पन्न गरी नागरिकलाई उचित सेवा प्रवाह गर्दै आएको कुरा अवगत गराउँदै स्वास्थ्य सेवा सहितको सामाजिक सुरक्षा कार्यक्रमलाई अझ सरल प्रभावकारी र थप जवाफदेही बनाउन प्रतिबद्ध रहेका कुरा अवगत गर्न चाहन्छु । यस कार्यमा अहोरात्र खट्ने पञ्जिकरण शाखा, स्वास्थ्य शाखा, बैंक, जनप्रतिनिधि र सम्बन्धित सरोकार वालाको महत्वपूर्ण भूमिका रहेको छ ।

७) युवाहरुलाई स्वरोजगार बनाउन विभिन्न सीपमुलक तालिम तथा रोजगार प्रवर्द्धन गर्ने काम निरन्तर भईरहेको छ । रोजगार शाखा, उद्यम शाखा, पोषण शाखा र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाबाट हुने रोजगार तथा उद्यममुखी योजनाबाट सयौं युवाहरुलाई सीप विकास तालिम सहितको स्वरोजगार बनाउन सफल भएको कुरा अवगत गराउन चाहन्छु । मानव विकास सहितको स्वरोजगार कार्यक्रम सुनछहरी गाउँपालिकाको विकासका लागि एउटा महत्वपूर्ण आयाम भएको कुरा पनि स्पष्ट नै छ ।

८) बाल मैत्री, लैङ्गिक मैत्री र जलवायू अनुकुलन मानव गतिविधी, विकास, विपद् व्यवस्थापन तथा पर्यावरण संरक्षणको क्षेत्रमा विभिन्न ऐन, कानुन र कार्यविधी निर्माण गरी कडाई पूर्वक कार्यन्वयन गरिरहेको कुरा स्पष्ट छ । राष्ट्रिय वनको संरक्षण, सामुदायिक वन, कबुलियत वन संरक्षण र वन वृद्धि गर्नका लागि सुनछहरी गाउँपालिका भित्रका १६-६० वर्ष उमेर समुहका आम नागरिकले आफ्नो जन्मदिनको स्मरणमा वर्षको कम्तिमा १ व्यक्ति १ विरुवा रोप्ने अभियान अर्थपूर्ण रुपमा सञ्चालन भएको छ । जलवायू अनुकुलन सहितको भौतिक विकास र मानव विकास गर्ने यो अभियानमा विपद् व्यवस्थापन शाखा, वन वातावरण तथा विपद् व्यवस्थापन समिति, आई.एन.एफ.संस्था, डिभिजन वन कार्यलय रोल्पा, सामुदायिक वन उपभोक्ता समिति आदी सरोकारवालाहरुको महत्वपूर्ण भूमिका रहेको कुरा स्मरण गर्न चाहन्छु ।

९) जैमाकसला र फगाममा स्थायी र प्रसस्त मुहानहरु नहुँदा स्वच्छ खानेपानीको केही अभावका भावजुद सुनछहरी गाउँपालिकामा करिव ९० % घरधुरीमा स्वच्छ खानेपानीको सुविधा रहेको छ । हजारौं वर्षदेखी कुवा र खोल्साको असुरक्षित पानी पिउन विवस नागरिकहरु यतिबेला एक घर एक खानेपानी धारा सुविधा पाईरहेका छन् । स्वच्छ खानेपानी सुविधाका लागि सिंगो जनप्रतिनिधि टिम, ब्रिटिस वेलफेयर संस्था (कादुरी), आई.एन.एफ. नेपाल, जिल्ला खानेपानी कार्यलय, रेडक्रस लगायत विभिन्न संघ संस्था र सरोकारवालाहरुको आर्थिक, भौतिक र नैतिक सहयोग र समर्थन महत्वपूर्ण रहेको छ ।

१०) प्राकृतिक, धार्मिक र ऐतिहासिक सम्पति तथा सम्पदाको संरक्षण, विकास र वैज्ञानिक प्रयोग मार्फत पर्यटन विकास गर्न प्रतिवद्ध रहेका छौं । जलजला, विवाङ, तिलाचन, बुजुधुरी, सुनछहरी झरणा, दम्माङ, कोठीभिर, लुमा, रिपुकोट, लुङतुङ लगायतका महत्वपूर्ण गन्तव्यलाई संरक्षित, व्यवस्थित र प्रयोग मार्फत समृद्धि ल्याउने हाम्रो निरन्तरको प्रयासमा प्रदेश पर्यटन कार्यलय बाँके, नेपाल पर्यटन वोर्ड, होमस्टे संस्थाहरु, सिंगो जनप्रतिनिधि टिम, सञ्चारकर्मी, विभिन्न फोटो पत्रकार तथा सामाजिक सञ्जालकर्ताहरुको समेत महत्वपूर्ण साथ र सहयोग रहेको कुरा स्मरण गर्न चाहन्छु ।

११)	लुङ्ग्री खोला हाइड्रो पावर निर्माण, हाइड्रोजन ग्याँस उत्पादन,जडीबुटीको व्यवसायिक खेती विस्तार र प्रशोधन, भाँगो खेतीको वैधानिकता र विस्तार, व्यवसायिक कृषि उत्पादनको अभियान मार्फत सिंगो गाउँपालिकालाई आर्थिक आत्मनिर्भरताको विन्दुमा पुर्याउन वैधानिक कानुन, ऐन र कार्यविधीहरु निर्माण गरी त्यस तर्फको यात्रा शुरु भएको कुरा अवगत गर्न चाहन्छु । प्राकृतिक रुपमा खोलाबाट बगिरहेको सुनलाई आवश्यक कानुन बनाई स्थानीय सरकारलको नियनमनमा ल्याउने प्रयास जारी रहेको स्पष्ट नै छ । यसका लागि सम्बन्धित क्षेत्रका विज्ञहरु, लगानीकर्ता र गाउँपालिकाको कानुन शाखा मार्फत मसिनो गृह कार्य भईरहेको विश्वास दिलाउन चाहन्छु ।

१२)	आम नागरिकहरु सूचनाको हकबाट वञ्चित नहुन् भन्ने उद्देश्यले प्रत्येक योजनामा सूचना पार्टी व्यवस्थापन, उजुरी पेटिकाको व्यवस्था, सुझाव सहितको अन्तरक्रियात्मक बैठक, वडा वडाबाटै सार्वजनिक सुनुवाई र जनतासँग रेडियो कार्यक्रम प्रभावकारी दंगले चलिरहेको अवगत गर्न चाहन्छु । यस कार्यमा प्रत्यक्ष जोडिनु हुने सूचना शाखा, सूचना अधिकारी रेडियो मालश्री, रेडियो जलजला, रेडियो रोल्पा र रेडियो सभ्यता लगायत सञ्चार संस्थानहरुको भूमिका अतुलनिय रहेको कुरा पनि अवगत गर्न चाहन्छु ।

१३)	सामाजिक न्याय र समानतामा आधारित न्याय सम्पादन गर्नको लागि न्याय समिति, वडा वडामा मेलमिलाप समिति गठन र मेलमिलाप सम्बन्धी आधारभूर तालिम मार्फत शान्ति तथा मेलमिलाप युक्त गाउँपालिका बनाउन निरन्तर प्रतिवद्ध रहेको र न्याय समिति प्रति नागरिकको भरोसा वृद्धि हुँदै गएको करा पनि अवगत गर्न चाहन्छु ।

१४)	मानव इतिहास, प्रथाजनित कानुन, रिति रिवाज, संस्कार संस्कृति, भाषा, भेषभुषा संरक्षण विकास र विस्तार गर्ने , कला साहित्यको विकास र संरक्षण गर्ने सुनछहरी गाउँपालिकालाई बहुजातिय, बहुभाषिक र बहुसाँस्कृतिक विविधताहरुको साझा फूलबारी बनाउने उद्देश्यले सुनछहरी प्रज्ञा प्रतिष्ठान निर्माण गर्न विद्येयक पारित गरिसकेको र यस क्षेत्रको काम धेरै अगाडी बढिसकेको अवगत गर्न चाहन्छु । यस महान कार्यका लागि नेपाल मगर लेखक संघ काठमाडौं, मगर प्राज्ञिक प्रतिष्ठान र विभिन्न प्राज्ञिक व्यक्तित्वहरू, शिक्षा युवा तथा खेलकुद शाखा, साहित्य तथा संस्कृति प्रेमी अग्रज श्रस्ताहरुको भूमिका अतुलनिय रहेको कुरा स्मरण गर्न चाहन्छु । सुनछहरी गाउँपालिकाले छिट्टै यहाँको मुढे पात्रो र थाटी पोस्टकलाई संकलन, अध्ययन र विश्लेषण गरी मंगरे लिपीको अनुसन्धानलाई अगाडी बढाउन लागिरहेको साथै मगर खाम भाषाबाट स्थापित नामहरुलाई समेटर ठाउँ नामाकरण कार्यलाई यथाशिघ्र सम्पन्न गरी यहाँको मानव इतिहास र सभ्यताको संरक्षण गर्ने प्रतिवद्ध रहेको कुरा स्पष्ट गर्न चाहन्छु ।

१५)	दोस्रो पञ्चवर्षिय आवधिक योजना, विस्कृत स्वास्थ्य परियोजना, विस्कृत शिक्षा परियोजनाम सडक तथा पूर्वाधार गुरुयोजना, भू-उपयोग गुरु योजना आदी मार्फत योजनावद्ध,व्यवस्थित र दीगो विकासको लागि आवश्यक कानुनी व्यवस्था भई अब तिव्र कार्यान्वयनमा अगाडी बढिसकेको अवगत गर्न चाहन्छु । यस कार्यमा महत्वपूर्ण सहयोग गर्नु हुने सम्बन्धित शाखा, परामर्श दाता, कर्मचारी साथीहरू र गाउँ कार्यपालिका तथा सम्पूर्ण जन प्रतिनिधिहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**(ग) उपाध्यक्ष ज्यू, अब म आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम यस सभा समक्ष पेश गर्न चाहन्छु ।**

उपाध्यक्ष ज्यू, सम्पूर्ण गाउँसभा सदस्य ज्यूहरु :-

रोल्पा जिल्ला कै सबै भन्दा भौगोलिक विकटताले चुनौतीपूर्ण रुपमा रहेको यस सुनछहरी गाउँपालिकाका लागि सामाजिक, आर्थिक, भौतिक तथा समग्र विकास र समृद्धि हासिल गर्न निकै कठिन रहेको छ । विविध समस्या र चुनौतीका भावजुद पनि अदम्य साहस, आँट, दृढ इच्छा शक्ति लिएर यहाँका पौरखी र स्वाभिमानी नागरिकहरुसँग हातेमालो गरेर हरेक चेनौतीको सरल दंगले सामना गरेर अगाडी बढिरहेका छौं र यो यात्रालाई निरन्तरता दिन चाहन्छौं ।

शिक्षा, स्वास्थ्य क्षेत्रको सार्वाङ्गिन विकास मार्फत आधुनिक अनुशासित, पारदर्शी र जिम्मेवार नागरिकको विकास गरेर कर्तव्यनिष्ठ, जवाफदेही, नागरिक निर्माण गर्नु हाम्रो पहिलो नीति हुने छ । व्यवसायिक कृषि उत्पादन र बजारीकरण होमस्टे कार्यक्रम साथै पर्यटन प्रवर्द्धन मार्फत आत्मनिर्भर अर्थतन्त्रको विकास, लुङ्ग्री हाइड्रो पावरको उत्पादन, हाइड्रोजन उत्पादन र प्रयोग, व्यवसायिक जडीबुटी उत्पादन आदी मार्फत सोको आर्थिक समृद्धि हासिल गर्ने दोस्रो नीति रहने छ ।दीगो र जलवायू अनुकुलन पूर्वाधार विकासम वन वातावरण मैत्री विकास, लैङ्गिक मैत्री तथा अपाङ्ग मैत्री विकास समृद्धि र संरक्षणको नीति अंगालिने छ ।

संघ र प्रदेशको दीगो विकास लक्ष्य, नेपाल मैत्री विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय मैत्री सन्धी सम्झौता, विश्व व्यापी मानव अधिकारको पालना, महिला,दलित, अपाङ्ग असहाय, अल्प संख्यक त आदिवासी जनजाती मैत्री, राष्ट्रिय अन्तर्राष्ट्रिय मैत्री सन्धी तथा घोषणाहरुलाई मुल मार्ग दर्शनका रुपमा लिई लैङ्गिक समानता तथा सामाजिक सामावेशी नीति अपनाईने छ । जेष्ठ नागरिकको सम्मान, घाइते अपाङ्गहरुको आत्म सम्मान तथा सामाजिक विभेद रहित गाउँपालिका निर्माण गर्ने नीति रहने छ ।

**(क) शिक्षा क्षेत्र तर्फ**

१. गुणस्तरीय, बालमैत्री र प्रविधिमैत्री शिक्षा भन्ने नीतिलाई निरन्तरता दिइनेछ । प्रत्येक विद्यालयका प्र.अ.लाई कानुनले दिएको अधिकारमा स्वतन्त्रता, निगरानी, नियमन र जिम्मेवारी वनाई प्रत्येक विद्यालयलाई आआफ्नै पहिचान र शानका साथ उच्च शैक्षिक गुणस्तर हासिल गर्ने वातावरण मिलाइनेछ ।

२. विगतदेखि सञ्चालित बिद्यालय अभिभावक शिक्षा कार्यक्रमलाई अब स्कुल विद्यालयमा हुने गरी निरन्तरता दिइनेछ ।

३. अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ अनुसार सम्पूर्ण बालबालिकालाई न्यूनतम आधारभूत तह (कक्षा ८ सम्म) सम्मको शिक्षा उत्तीर्ण गराउनु पर्ने कानुनी व्यवस्थाको सरकारी नीतिलाई मध्यनजर गर्दै अभिभावक र विद्यार्थीको विचमा अन्तरक्रियाको आवश्यक व्यवस्था गरिनेछ ।

४. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई बालबालिकाहरुको वास्तविक क्षमताको विकासका रुपमा सञ्चालन गरी मैत्रीपूर्ण, शान्तिपूर्ण र सद्भावपूर्ण रुपमा सञ्चालन गर्ने वातावरण मिलाइने छ । अन्यथा राष्ट्रपति रनिङ शिल्डको औचित्य माथि प्रश्न उठ्ने अवस्था आउनेछ ।

५. आधारभूत तह उत्तीर्ण नगरी विद्यालय छोड्ने बिद्यार्थीलाई पुनः विद्यालय फर्काउनलाई अनौपचारिक शिक्षा तथा वैकल्पिक शिक्षाको माध्यमलाई अगाडि बढाइनेछ ।

६. नव यूवाहरुको शारीरिक सुसंगतता र क्षमता विकासका लागि माध्यमिक बिद्यालयले मार्शल आर्ट अन्तर्गतका विभिन्न खेलहरु सञ्चालन गर्ने नीति लिइनेछ ।

७. प्रत्येक वर्ष कक्षा ११ मा ६ र १२ मा ६ गरी १२ जना छात्र/छात्रालाई +२ मा अंग्रेजी, गणित र विज्ञान विषयमा सहयोग प्रदान गरिनेछ ।

८. रोल्पा वहुप्राविधिक शिक्षालयमा अध्ययन गर्नु हुने विपन्न तथा जेहेन्दार विद्यार्थी ५ जनालाई छात्रवृति प्रदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९. शिक्षा क्षेत्रको भौतिक पूर्वाधार विकासलाई निरन्तरता दिइनेछ ।

१०. मा.बि. हुँदै सबै बिद्यालयमा प्राथमिक स्वास्थ्य उपचारको व्यवस्था गर्न गराउन पहल गरिनेछ ।

११. शैक्षिक गुणस्तर तथा सवल व्यवस्थापनका लागी उपलब्धी सिकाई स्वरुप प्र.अ.हरुको सामुहिक अवलोकन भ्रमण तथा अभिमुखिकरण लगायतका योजना मार्फत शैक्षिक उपलव्धि परिणाममुखि वनाउन पहल गरिनेछ ।

**(ख) स्वास्थ्य क्षेत्र तर्फ**

१. हाम्रो स्वास्थ्य हाम्रो भविष्य र हाम्रो जीवन भन्ने स्वास्थ्य नीतिलाई निरन्तरता दिइएको छ ।

२. स्वास्थ्य उपकरण, प्रविधिमैत्री, सुलभ र सहज स्वास्थ्य सेवाको व्यवस्था मिलाइनेछ । जेष्ठ र पूर्ण अपाङ्ग नागरिकलाई घरमै स्वास्थ्य परिक्षण र निशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिनेछ ।

३. जनयुद्धका घाइते, अपाङ्ग, जन्मजात र अन्य अपाङ्ग, सुत्केरी हुने महिला, शहीदको एकाघरका परिवार, आकस्मिक दुर्घटनाका बिरामी, सहारा विहीन अति विपन्न नागरिकका लागि ५०% छुटमा एम्बुलेन्स सेवा दिने नीति लिइएको छ ।

४. आवश्यकताको आधारमा गाउँगाउँमा निशुल्क स्वास्थ्य शिविरको व्यवस्था गरिनेछ । भने ग्रामिण आँखा केन्द्रवाट सञ्चालित बिद्यालयहरुले बालबालिकाको आँखा परिक्षण कार्यक्रमलाई निरन्तरता दिँदै थप गाउँघर सम्म निशुल्क आँखा परिक्षण कार्यक्रम लैजाने व्यवस्था गरिनेछ ।

५. पूर्ण खोप, पुर्ण संस्थागत सुत्केरी, पुर्ण सरसफाईयुक्त वडा हुँदै गाउँपालिका घोषणाको लक्ष्य लिएर अगाडि वढ्ने नीति लिइएको छ ।

६. स्वास्थ्यकर्मीलाई क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।

७. स्वास्थ्य संस्थालाई प्रविधिमैत्री वनाउन पहल गरिनेछ ।

८. स्वास्थ्य संस्थाहरुको भौतिक पुर्वाधार विकासमा जोड दिइनेछ ।

**(ग) कृषि विकास तर्फ**

१. "कृषि प्रणाली र पशुपालनमा सुधार, आर्थिक समृद्धिको आधार" भन्ने गत आर्थिक वर्षको नीति कार्यक्रमलाई निरन्तरता दिँदै कृषिमा आधुनिकीकरण र व्यवसायिकरण गर्ने, उत्पादक र उपभोक्ता बिच सहज निर्यात (बजारीकरण) को व्यवस्था कृषि तथा महिला सहकारी मार्फत व्यवस्थित रुपमा अगाडि बढाउने र तोकिएको मापदण्ड अनुसार उत्पादक कृषकलाई उत्पादनमा आधारित प्रोत्साहन अनुदान दिने नीतिलाई निरन्तरता दिइनेछ ।

२. प्रत्येक किसानको उत्पादित वस्तु तोकिएको हाट बजार अर्थात कृषि सङ्कलन केन्द्रबाट विक्री गर्ने व्यवस्था मिलाइने छ र उत्पादनको परिणामलाई व्यवस्थित गर्नुका साथै व्यवसायीहरु बाट उठ्ने करलाई थप व्यवस्थित गरी आन्तरिक आय स्रोतको वृद्धि गरिनेछ ।

३. सुनछहरी गाउँपालिका ७ वटै वडाको बाली पकेट र पशु पकेट क्षेत्रहरु छनौट गरिने छ र सोही अनुसार पकेट बनाई परिणाममुखी कार्यन्वयन गरिनेछ । पालिकाको दक्षिणी भुभागलाई बोका रहित र उत्तरी भुभागलाई खसि रहित पकेट बनाई व्यवस्थित र व्यवसायिक पशुपालनलाई अगाडि बढाइने नीतिलाई नरन्तरता दिइनेछ ।

४. सुनछहरी कृषि परियोजना अन्तर्गत सुनछहरी गाउँपालिका र हैफर नेपाको आर्थिक साझेदारी र शहिद परिवार नेपाल अर्घाखाँचीको सहजीकरणमा सञ्चालित परियोजनालाई निरन्तरता दिइनेछ ।

५. कृषि उत्पादनको वजारीकरण र व्यवसायीकरणलाई व्यवस्थित वनाउन कृषि सहकारी र कृषि समुहरुको क्षमता विकास गरी सक्रिय वनाइनेछ ।

**(घ) उद्यम विकास तर्फ**

१. लघु उद्यमको विस्तारः घरघरमा स्वरोजगार भन्ने गत आर्थिक वर्षको नीति कार्यक्रमलाई निरन्तरता दिँदै थप व्यवस्थित र परिमाणमुखी बनाइनेछ ।

२. प्रत्येक साना उद्योग तथा उद्यमी सिर्जना गर्दा समुदायको मागका आधारमा मात्र गर्ने नीति लिइनेछ । नकि समुदायको आवश्यकता र सरकारको उद्यम योजनाको बीचमा अन्तरविरोध भई अर्थहीन हुन नपाइओस् ।

३. गत आर्थिक वर्षमा सिप विकास तालिमका लागी प्राप्त निवेदनलाई प्राथमिकता दिई सिप विकास तालिमको व्यवस्था गरिनेछ ।

**(ङ) पर्यटन विकास तर्फ**

१. सुनछहरी पहिचानः दिगो र विविधतायुक्त पर्यटनको नीतिलाई निरन्तरता दिइनेछ । यस कार्यका अधुरा कामहरु क्रमशः पुरा गरिनेछ ।

२. विवाङ घोषणापत्र २०८१, तिलाचन सन्देश/संकलपपत्र २०८२ लगायत पर्यटन विकासका लागि भएका गरिएका विभिन्न सम्झौता, प्रतिवद्धता र संकल्पहरुलाई व्यवहारतः कार्यन्वयन गर्दै लगिनेछ ।

३. विभिन्न पाँच ठाउँमा सञ्चालित (होमस्टे) घरवास कार्यक्रमलाई व्यवस्थित गर्ने र उपयुक्त गाउँहरुलाई जीवित सङ्ग्रहालय को रुपमा विकास गरेर आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गराइनेछ ।

४. समुन्द्री सतहबाट ३००० मिटर भन्दा माथि करिव ३६०० मिटर उचाइ सम्ममा फैलिएको जलजला क्षेत्रमा "खाम" म्याराथन मार्गको निर्माण गरी निकट भविष्यमै राष्ट्रिय खाम म्याराथन गर्ने गराउने नीति लिइएको छ ।

**(च) सहकारी क्षेत्र तर्फ**

१. सहकारी सम्बन्धी लिइएका गत आर्थिक वर्षको बाँकी कार्यभारलाई पुरा गर्दै सहकारीको व्यवस्थापन सही परिचालन, क्षमता अभिवृद्धि, नियमितता र निरन्तरतालाई निरन्तरता दिने नीति लिइनेछ ।

२. सुनछहरी गाउँपालिकाको हकमा कृषि सहकारी (जो उत्पादनमा आधारित छ) लाई प्रमुख प्राथमिकता दिई सोही अनुसारको अनुदान र सहायताको नीति लिइएको छ ।

**(छ) रोजगार क्षेत्र तर्फ**

१. श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृति प्राप्त गरी वैदेशिक रोजगारीमा गएका श्रमिक तथा उनीहरुका परिवारले प्राप्त गर्ने विभिन्न कल्याणकारी सेवाहरु जस्तै उद्धार/खोजतलास, शव व्यवस्थापन/झिकाउने, क्षतिपुर्तिका लागि निवेदन प्रकिया, गुनासो/समस्या प्रविष्टि, कागजात वनाउन/प्रमाणिकरण, आर्थिक सहायता, अंगभंगका स्वास्थ्य उपचार सहयोग तथा वैदेशिक रोजगारीका क्रममा अभिभावक गुमाएका वालवालिकाका लागि सन्तति छात्रवृति लगायतका सेवाहरुमा पहुँच सुनिश्चित गर्न कन्सुलर तथा कानूनी परामर्शका लागि आवश्यक सहजीकरण गरिनेछ । सुरक्षित आप्रवासन (SaMi) कार्यक्रमसँग साझेदारी गरिनेछ ।

२. तत्कालिन सन्दर्भमा संशोधन भएको रोजगार नीति र कार्यविधि अनुसार स्वरोजगार कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

**(ज) खानेपानी तथा सरसफाइ तर्फ**

१. "सुरक्षित खानेपानी र पूर्ण सरसफाईयुक्त गाउँपालिका" निर्माणको अभियानलाई निरन्तरता दिइएको छ ।

२. आगामी ५ वर्ष भित्र "एक घर, एक स्वच्छ खानेपानीको धारा" पुऱ्याउने लक्ष्यका साथ स्वच्छ खानेपानीलाई उच्च प्राथमिकता दिइनेछ ।

**(झ) मौलिक हक सम्बन्धी**

१. लिङ्गीय भेद्भाव, छुवाछुत र महिला हिंसामुक्त गाउँघर बनाउने विगतको नीतिलाई निरन्तरता दिँदै थप प्रभावकारी बनाइनेछ ।

२. लिङ्गीय भेद्भाव, छुवाछुत र महिला हिंसा विरुद्धका विभिन्न महासन्धि तथा घोषणा पत्रहरु जस्तै संयुक्त राष्ट्र संघको महासभाले लिएका नीतिहरु, बेइजिङ घोषणा पत्र, आई.एल.ओ. ले अबलम्बन गरेका बिभिन्न घोषणाहरु र उक्त सन्धि र घोषणा पत्रमा नेपालले गरेका प्रतिवद्धताहरुलाई कानुनी आधारको रुपमा लिई निष्पक्षता, समानता र सद्भावपूर्ण नीति अबलम्बन गरिनेछ ।

३. सामाजिक न्याय, समानता र शोषणमुक्त समाज निर्माणका लागि महिला सञ्जाल, अपाङ्ग सञ्जाल, दलित सञ्जाल, आदिवासी तथा अल्पसंख्यक समुदायको सञ्जाल, जनयुद्धका घाइते अपाङ्ग सञ्जाल आदी बनाई सबै क्षेत्र वर्ग लिङ्ग र समुदायको समानता र स्वतन्त्रताको ग्यारेन्टी सहित समान अधिकारको सुनिश्चित गर्ने नीति लिइएको छ ।

४. वालवालिकाहरुको सम्पूर्ण क्षमता अभिवृद्धिका लागि विभिन्न बालमैत्री सचेतना कार्यक्रम गरिने छ । फरक क्षमता भएका बालबालिकाको वृद्धि विकास, संरक्षण र उसको सुनिश्चित भविष्यका लागि स्वास्थ्य, शिक्षा र रोजगार लगायतको क्षेत्रमा विशेष व्यवस्था गर्ने नीति लिइने छ । संयुक्त राष्ट्र सङ्घीय वालअधिकार महासन्धि १९८९ मा नेपालले गरेको प्रतिवद्धता कार्यन्वयनका लागि आवश्यक कडम चालिनेछ ।

**(ञ) कला संस्कृति तर्फ**

१. मौलिक कला र संस्कृतिको प्रवर्द्धन अभियानलाई निरन्तरता दिँदै मौलिक सांस्कृतिक विविधता नै सुनछहरीको पहिचान भन्ने कुराको गहिरो बोध गरी स्थानीय कला, साहित्य, परम्परागत संस्कृतिको संरक्षण तथा संवर्द्धनका लागी आवश्यक कार्यक्रम गरिनेछ ।

२. विभिन्न जाति समुदायको आफ्नो मातृभाषा बाट लिखित साहित्य र सिर्जना तथा संस्कृतिलाई उच्च प्राथमिकता दिई संरक्षण र विकास गरिनेछ ।

३. रैथाने संस्कार र संस्कृति माथि वाह्य प्रभाव वढ्दै गएको र परम्परागत रैथाने संस्कृति लोप हुँदै जाने खतरा देखिन थालेकोले पुराना बुढापाकाहरु बाट रैथाने संस्कृतिको पुस्तान्तरण गरी अभिलेखीकरण गर्न पहल गरिनेछ ।

४. संस्कार संस्कृतिको नाममा हुने चार प्रथा र दाईजो प्रथाको अत्याधिक खर्चलाई कम गरी सस्तो, छिटो, छरितो र अनिवार्य नभई ऐच्छिक बनाउने नीति लिइने छ । साथै संस्कार संस्कृतिको नाममा हुने अत्याधिक मद्यपानलाई नियन्त्रण लिई संस्कारको रुपमा मात्र प्रयोग गर्ने गरी नियमन गरिनेछ ।

५. जेलबाङ राष्ट्रिय प्राज्ञिक गोष्ठीको घोषणा पत्रलाई मान्दै मुर्त अमुर्त रैथाने संस्कृतिको संरक्षण, विकास र निरन्तरता दिने नीति लिइनेछ ।

६. प्रतिस्पर्धाको माध्यमबाट सुनछहरीका आफ्नै पालिका गीत निर्माण गरी प्रयोगमा ल्याउन पहल गरिनेछ ।

**(ट) यूवा सम्बन्धी क्षेत्र तर्फ**

१. स्वच्छ समाज निर्माणमा यूवाहरुको सहभागिताको नीतिलाई निरन्तरता दिइएको छ, र बाँकि कार्यभार पुरा गर्न प्रतिबद्धता गरिएको छ ।

२. यूवाहरुको असीमित क्षमतालाई यही समाजको हितमा प्रयोग गर्न टोल विकास संस्था, क्लव, उपभोक्ता समिति, विभिन्न संघ संस्था आदीमा अनिवार्य यूवा प्रतिनिधिको सुनिश्चित्तता गरिनेछ । र अबको सामाजिक नेतृत्व यूवामा हस्तान्तरण गर्ने नीति लिइनेछ ।

३. यूवाहरुसँग गाउँपालिका कार्यक्रम मार्फत आगामी सुनछहरी गाउँपालिकाको नीति निर्माण र आर्थिक समृद्धिको खाका निर्माण गर्ने व्यवस्था गरिनेछ ।

४. यूवा संसद वहस पैरवी कार्यक्रम सञ्चालन गरिनेछ ।

**(ठ) पूर्वाधार**

१. गुणस्तरीय दिगो र वातावरण मैत्री पूर्वाधारको नीतिलाई निरन्तरता दिइएको छ । गाउँपालिकाको दोस्रो पञ्चवर्षीय योजनाले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्यमा केन्द्रित भएर विभिन्न तहगत सरकार र साझेदारी विकास परियोजना मार्फत पूर्वाधारहरु निर्माण गरिनेछ ।

२. पूर्वाधार निर्माण गर्दा रोड/सडक तथा भवन मापदण्ड २०८१/०८२ लाई आधार बनाई अगाडि बढ्ने नीति लिएको छ भने २०८१/०८/१८ गतेको विवाङ घोषणा पत्रलाई आधार मानी वातावरण मैत्री जलवायु अनुकूलतालई ध्यान दिएर मात्र पूर्वाधार निर्माण गरिनेछ ।
३. दिगो विकास लक्ष्यलाई समेत ध्यानमा राखी मुख्य सडकहरुको कालोपत्रे सहायक सडकहरुको स्तर उन्नती र कृषि सडकहरुको आवश्यकता अनुसार विस्तारको नीति लिइएको छ ।
४. एक टोल र अर्को टोलमा सडक नभई व्यवस्थित गोरेटो बाटोको विस्तार गरी पर्यावरण मैत्री विकासमा जोड दिइनेछ ।
५. जलजला, बाघतारे, ओखरेनी, बुजू धुरी, सुनछहरी झरणा, सुन फूलुप, विवाङ दह, तिलाचन दह, कोठी भीर आदि पर्यटकीय स्थानमा आवश्यक सडक पूर्वाधार तथा भवन निर्माणको सम्भाव्यता अध्ययन गरी आवश्यक कदम चालिनेछ ।
६. सुनछहरी गाउँपालिका वडा नं. १ सेरम, २ भित्रीगाम र ७ जेलबाङमा केन्द्रिय विद्युत प्रसारण लाइन विस्तारको यथाशीघ्र पहल गरी सबै बस्तीमा विद्युतको पहुँच पुऱ्याइनेछ ।
७. हरेक पूर्वाधार विकास गर्दा गाउँपालिकाको दोस्रो आवधिक योजनाको योजना बैंकलाई प्रमुख प्राथमिकता र आधार मानी योजना बनाईनेछ ।

**(ड) वातावरण सम्बन्धी नीति**

१. जलवायु अनुकूल विकास उत्पादन र उपभोगको नीतिलाई निरन्तरता दिईनेछ ।
२. १६ वर्ष पुरा भई ६० वर्ष ननाघेका सुनछहरी गाउँपालिका बासी प्रत्येक व्यक्तिले वर्षमा एक वटा बिरुवा रोप्ने अभियानलाई निरन्तरता दिइने छ र ग्रीन सुनछहरी निर्माण गर्ने लक्ष्यलाई साकार पारिनेछ ।
३. व्यवसायिक जडिबुटी तथा वन पैदावार खेतीलाई विस्तार गरिनेछ ।व्यक्तिको नीजि जग्गामा स्वयंम व्यक्तिलाई सामुदायिक बनमा बन उपभोक्ता समितिलाई जिम्मेवार बनाई बन र बन पैदावारका संरक्षण बिस्तार र बैज्ञानिक निकासीको व्यवस्था मिलाइनेछ । यसका लागि आवश्यक कानुन निर्माण गरिनेछ ।
४. मौसमी विपद् तथा प्रकोप व्यवस्थापनका लागि विपद् व्यवस्थापन कोषलाई व्यवस्थित र मौज्दातयुक्त बनाइनेछ । साथै विपद् न्यूनिकरण, उद्धार र राहत व्यवस्थापनको लागि विपद् पूर्वतयारी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
५. वातावरण संरक्षण र विपद् न्यूनिकरणका लागि निजि वन बनाउने, दर्ता गर्ने र वन संरक्षण गर्ने नीतिलाई व्यापक बनाईनेछ ।

**(ढ) सुशासन सम्बन्धी नीति**

१. सुशासन प्रवर्द्धनमा हामी सबैको ऐक्यवद्धता भन्ने नीतिलाई निरन्तरता दिइनेछ ।
२. नागरिकको नजिकको सरकारको अनुभूति आम जनतालाई दिलाउन प्रत्येक वडा, शाखा र गाउँपालिकाबाट प्रवाह भइरहेको नियमित सेवालाई थप प्रभावकारी रुपमा निरन्तरता दिइनेछ ।

३. विकट भूगोल, फरक भाषा, फरक परिवेश भएको यस गाउँपालिकामा वाह्य जिल्ला र प्रदेशबाट खट्नु हुने कर्मचारीले समेत उच्च मनोबलका साथ कर्तव्य र जिम्मेवारी पुरा गरिरहनु भएकोमा ससम्मान धन्यवाद दिंदै आगामी दिनमा पनि हामी सबै मिलेर उच्च मनोबलका साथ अझ प्रभावकारी, निष्पक्ष र छिटो छरितो सेवा प्रवाह गर्ने वातावरण निर्माण गरिनेछ ।

४. सेवा प्रवाह र सुशासनको उच्चतम् प्रयोगका लागि आवश्यक तालिम, अभिमुखीकरण र गोष्ठीको व्यवस्था गरिने छ । रिक्त दरबन्दीको हकमा यथाशक्य छिटो नियमानुसार पदपूर्तीको पहल गरिनेछ ।

५. भ्रष्टचारमा शुन्य सहनशिलता अपनाईने छ भने विभिन्न खाले बेरुजुलाई शुन्य बनाउन कानुनी व्यवस्था अनुरुप कठोर कडम चालिनेछ ।

६. सेवा प्रवाह र सुशासन  कायम गर्नका लागि बाधा पार्ने आवश्यक कार्यविधि, ऐन र नियमावली निर्माण तथा संशोधन गरी सुशासन कायम गर्न पहल गरिनेछ ।

७. गाउँपालिकासँग विभिन्न क्षेत्रका विकास साझेदार संस्थाहरुको  र सम्बन्धित शाखाका शाखा प्रमुखहरुको संयुक्त समन्वय बैठक गरी आपसी सहकार्यमा प्रभावकारी काम अगाडि बढाइनेछ ।

८. आ.व. २०८२/०८३ को कार्यन्वयन हुन बाँकी नीति तथा कार्यक्रमलाई पूर्ण रुपमा निरन्तरता दिइनेछ ।

९. विभिन्न क्षेत्रबाट प्राप्त नीतिगत सुझावलाई मनन गर्दै यो नीति तथा कार्यक्रममा अत्याधिक समेट्ने प्रयास गरिएको छ । तथापि विस्तृत कुरा योजना कार्यन्वयनको क्रममा  देखिँदै जाने छ भन्ने यस सम्मानित सभालाई अवगत गर्न चाहन्छु ।

अन्तमाः-

आर्थिक वर्ष २०८३/०८४ को यस नीति तथा कार्यक्रमले सुनछहरी गाउँपालिकालाई थप समुन्नत बनाउन सक्षम हुनेछ । यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यन्वयनबाट स्थानीय उत्पादनमा वृद्धि, बजारिकरणमा सहजता, जीवनयापनमा सहजता, मानव बिकासमा सुधार, वातावरण संरक्षणमा योगदान र समन्वय सहितको समानता मार्फत सामाजिक न्याय र गुणस्तरीय सेवा सहज रुपमा प्राप्त गर्न सहयोग पुग्ने अपेक्षा गरेको छु ।

नेपालको संविधान, नेपाल सरकार, प्रदेश सरकार तथा सुनछहरी गाउँपालिकाको दोस्रो आवधिक पञ्चवर्षिय योजनाको सोच, उद्देश्य र लक्ष्य हासिल गर्न यस नीति तथा कार्यक्रमको कार्यन्वयनमा सबै तहका सरकारहरु, विकास साझेदार संस्थाहरु तथा आम सुनछहरीवासी जनसमुदायहरुको सदैव सहयोग र साथ प्राप्त हुनेमा विश्वस्त छ ।

हाम्रो सामु बिद्यमान रहेका असङ्ख्या चुनौतिका चाङहरुलाई बैज्ञानिक, व्यवहारिक, जनमुखि र उत्तरदायी पूर्ण योजना तथा कार्यक्रम मार्फत अबसरमा रुपान्तरण गर्दै अहम जिम्मेवारी बोध गर्ने हामी निर्वाचित जनप्रतिनिधिको काँधमा आएको छ । व्यवस्थापकीय, कार्यपालिकाकीय र न्यायिक

अधिकारको पूर्ण  प्रयोग गर्दै “सुनौली सुनछहरी, आत्मनिर्भर सुनछहरी” बनाउन सदैव लागिरहने प्रतिबद्धता यस सम्मानित गाउँसभामा राख्न चाहन्छु । नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नहुने गाउँपालिका उपाध्यक्ष लगायत सम्पूर्ण कार्यपालिका सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण शाखा प्रमुख र सम्पूर्ण कर्मचारी साथीहरु, विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, संघ संस्थाका प्रतिनिधिहरु/बिषयगत समितिका सदस्य ज्यूहरु समाजसेवी लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछु ।

मितिः- २०८३/०३/१०

धनबहादुर पुनमगर

अध्यक्ष

सुनछहरी गाउँपालिका